"शिक्षा, स्वस्थ्य र पूर्वाधार समुन्नत पुतलीबजारको आधार "

# पुतलीबजार नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

प.स :

च.न

गण्डकी प्रदेश , नेपाल

## आयठेक्का बन्दोवस्तको दरभाउपत्र माग सम्बन्धी सूचना !!

**प्रथम पटक प्रकाशित मिति २०७९/०३/१२**

यस नगरपालिकाले आगामी आ.व. २०७९/८० को लागि देहायका शिर्षकहरुमा बढाबढका माध्यमबाट कर, सेवा शुल्क, दस्तुर संकलनको ठेक्का बन्दोवस्त गर्ने प्रयोजनका लागि देहायका शर्तहरु पालना गर्नुपर्ने गरी ईच्छुक व्यक्ति वा फर्मबाट १५ (पन्ध्र) दिने दरभाउपत्र आव्हानको सूचना प्रकाशन गरिएको ब्यहोरा सम्वन्धित सबैको लागि अनुरोध छ ।

**१. शिर्षकः सडक उपयोग शुल्क**

| ठेक्का नं. | सडकको नाम | न्यूनतम ठेक्का रकम |
|---|---|---|
| १. | बाडखोला दुलेगौंडा ग्रामिण सडक | १०००००० |
| २ | प्रगतिनगर बहाकोट ग्रामिण सडक | ८०००० |
| ३ | स्याङजा पुतलीखेत लाम्पाटा टिकाजा सतौ आरुचौर ग्रामिण सडक | १२००००० |
| ४ | प्रगतिनगर घुम्ती चिसापानी ग्रामिण सडक | ६००००० |
| ५ | सुम्रेखोला नुहारभञ्याङ अर्जुनचौपारी ग्रामिण सडक | ६३०००० |
| ६ | जाडखोला पेल्काचौर ग्रामिण सडक | १००००० |
| ७ | स्याङजाबजार हुनिकोट ग्रामिण सडक | २०००० |
| ८ | पुतलीखेत ठुलिबेशि उनियाचौर हुँदै नागडाँडा | ३५०००० |

**२. शिर्षकः भालुपहाड घुम्ति पार्क प्रवेश तथा पार्किङ**

| ठेक्का नं. | क्षेत्र | न्यूनतम ठेक्का रकम |
|---|---|---|
| १ | भालुपहाड घुम्ति पार्क पु.ब.न.पा. ४ । | १००००० |

**३. शिर्षकः बहाल बिटौरी कर**

| ठेक्का नं. | क्षेत्र | न्यूनतम ठेक्का रकम |
|---|---|---|
| १ | पुतलीबजार नगरपालिका क्षेत्र भित्र । | १००००० |

**४. शिर्षकः चण्डि कालिका पुजा भेटी**

| ठेक्का नं. | क्षेत्र | न्यूनतम ठेक्का रकम |
|---|---|---|
| १ | चण्डि कालिका मन्दिर पु.ब.न.पा. १४ । | २००००० |

**५. शिर्षकः कबाडी कर**

| ठेक्का नं. | कबाडी विवरण | न्यूनतम ठेक्का रकम | कैफियत |
|---|---|---|---|
| १ | छाला, हाड, खर, सिङ, पलाष्टिक, फलाम र अन्य कबाडीजन्य वस्तु । | ३४०००० | भ्याट बाहेक |

**शर्तहरुः**

१. दरभाउपत्रदाताले नागरिकताको प्रतिलिपि, स्थायी लेखा नं. को परिचयपत्र सहित निवेदन दिई तोकीएको दस्तुर तिरी १५ (पन्ध्र) दिन सम्ममा कार्यालय समय भित्र यस कार्यालयबाट रु १००० (एक हजार) को दरभाउपत्र फाराम खरिद गर्न सक्नेछ।कवाडी करका दरभाउपत्र दाताले मूल्य अभिवृद्दि कर (VAT) दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रतिलिपी समेत पेश गर्नुपर्ने छ ।

२. दरभाउपत्र साथ आफुले कबोल गरेको जम्मा अंकको ५ % (प्रतिशत) हुन आउने जमानत रकम यस कार्यालयको नेपाल बैंक लि. मा रहेको धरौटीखाता नं 07203000003000000001मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्नेछ ।

३. दरभाउपत्र १६ औ दिन मध्यान्न १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ। दरभाउपत्र दाखिला गर्दा शिलबन्दी गरी कार्यालयको नाम, ठेक्का नं. र कामको नाम तथा दरभाउपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा खाम बाहिर उल्लेख गर्नुपर्नेछ ।दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजानिक विदा परेमा उक्त कार्य तत्पश्चात कार्यालय खुलेको दिनमा हुनेछ ।

२०७९/३/१२

रमेश घर्ति

प्रमुख प्रशासकीय अधिकृत

४. पेश हुन आएका दरभाउपत्र १६ औं दिन अपरान्ह २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । म्याद नाघि आएको, कार्यालयबाट विक्री नभएको दरभाउपत्र फाराम भरि आएको, दरभाउपत्रदाताको हस्ताक्षर एंव सहिछाप नभएको, प्रचलित कानूनको रित नपूगेको र शर्त राखि पेश भएको दरभाउपत्र उपर कुनै कारबाहि हुने छैन । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५. दरभाउपत्रमा आफुले कवोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

६. दरभाउपत्र स्विकृत भएका दरभाउपत्रदाताले दरभाउपत्र स्वीकृत भएको सूचना प्राप्त भएको मितिले बाटोको म्याद बाहेक ७ दिन (सात) भित्र आफुले कबोल गरेको सम्पुर्ण रकम (VAT लाग्रेमा VAT समेत) यस कार्यालयको नेपाल बैंक लि. स्याङ्जामा रहेको खाता नं. **07203000001001000001** को आन्तरिक राजश्व खाता जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नपर्नेछ । धरौटि वापत जम्मा भएको रकमलाई किस्तामा मिलाउन पाईने छैन । म्यादभित्र कबुलियत गर्न नआएमा कानून बमोजिम आवश्यक कारबाहि गरि अर्को दरभाउपत्रदातालाई ठेक्का दिईनेछ ।

७. दरभाउपत्रदाताले नगरपालिकाले तोकेको कर/ शूल्क संकलन गर्न प्रयोग गर्ने रसिद निर्धारित ढाँचामा आफ्नै तर्फबाट छपाई सो रसिद यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ उक्त रसिदमा स्थायी लेखा नं. उल्लेख गर्नुपर्नेछ । साथै दररेट समेत रसिदमा नै उल्लेख गर्नुपर्नेछ । कति परिमाणमा रसिद प्रयोग भयो सोको विवरण चौमासिक रुपमा यस कार्यालयमा बुझाउनुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको जानकारी वा सूचना आएमा नियमानुसार कारबाही हुनेछ ।

८. विगतका वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेका व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरेसम्म र पेश्कि/बेरुजू बाँकी रहँदासम्म दरभाउपत्रमा भाग लिन पाउने छैनन् । त्यस्तो कर चुक्ता बाँकी रहेका पेश्कि/बेरुजू बाँकी रहेका व्यक्ति वा फर्मले दरभाउपत्रम पेश गरेमा दरभाउपत्रलाई मुल्याङकनमा समाबेश गरिने छैन ।

९. बन्द, हड्ताल, विपत्ति, वा कुनै पनि कारणले कर/शुल्क संकलन गर्न नपाएको भनि मिनाहाको माग दाबी पाईने छैन । नगरपालिकामा जम्मा हुन आएको आय फिर्ता हुने छैन ।

१०. प्राप्त दरभाउपत्रहरु स्विकृत गर्ने/नगर्ने वा आंशिक रुपले स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. धरौटि रकम ठेक्का अवधि समाप्त भएपछि फिर्ता दिईनेछ र सो रकम लिनका लागि सम्वन्धित निकायमा तिर्न बुझाउन बाँकि कर/शुल्क बाँकि रकम बुझाएको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

१२. कबाडी करको ठेक्का रकममा दरभाउपत्रदाताले कबोल गरेको अंकमा VAT समेत असुल गरिनेछ ।

१३. नगरपालिकाबाट समय समयमा गरिएका निर्देशनहरुको दरभाउपत्रदाताले पालना गर्नुपर्नेछ । सूचनामा उल्लेखित शर्तहरु र नगरपालिकाबाट गरिएका निर्देशनहरु उल्लघंन गरेमा दरभाउपत्रदाताको धरौटि रकम जफत गरी ठेक्का समेत नरहने गरी कानून बमोजिम कारवाही गर्न सकिनेछ ।

१४. दरभाउपत्रदाताले कर शुल्क संकलन गर्ने कर/ शुल्कको दररेट र क्षेत्र कार्यालयले सम्झौतामा तोकेबमोजिम हुनेछ ।

१५. सडक उपयोग शुल्क संकलन गर्ने सडकको शुरु स्थान कार्यालयले सम्झौताका बखत तोकेबमोजिम हुनेछ। सो शुल्क संकलन गर्ने ठेकेदारले सम्वन्धित सडक निर्माण तथा मर्मतको कामका लागी पटके रुपमा कर लिन पाईने छैन । सम्बन्धित सडकमा एक सवारी साधनलाई एक दिनमा एक पटक मात्र कर लिनु पर्नेछ । साथै सामुदायिक विद्यालय, एम्वुलेन्स, खानेपानी, तथा स्थानीय कृषि उत्पादनलाई निर्यात गरेका सवारी साधनको हकमा पटके रुपमा कर लिन पाईने छैन ।

१६. अन्य कुराहरु कार्यालयले सम्झौतामा तोकेबमोजिम हुनेछ ।

२०७९।३।१२

रमेश घर्ति

प्रमुख प्रशासकीय अधिकृत